"पर्यटकीय राजधानी"

# सूर्योदय नगरपालिका

**Suryodaya Municipality**

नगर कार्यपालिकाको कार्यालय

**Office Of The Municipal Executive**

फिक्कल, इलाम

२०७३

प.स. ०७७/०७८ मितिः-२०७८/०१/१९

च .नं.

## विषयः-सोझै वार्ताद्वारा खाद्यान्न चामल लिलाम वढावढ गर्ने सम्बन्धी जरुरी सूचना ।

## (पुनः प्रकाशित मिति २०७८/०१/१९)

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को सम्भावित जोखिमको प्रभावकारी रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारवाट मिति २०७६/१२/१० देखि भएको बन्दाबन्दी (Lock Down) वाट सूर्योदय नगरपालिका क्षेत्रमा प्रभावित असहाय श्रमिकहरुलाई र विपन्न वर्गका दैनिक ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने अति विपन्न वर्गका व्यक्तिहरुलाई खाद्यान्न राहत चामल वितरण गर्न खरिद भएको र विभिन्न दातावाट प्राप्त भएको खाद्यान्न चामल मध्ये लकडाउनवाट प्रभावित असहाय श्रमिक वर्गहरुलाई र विपन्न वर्गका व्यक्तिहरुलाई सू.न.पा. वाट स्वीकृत मापदण्ड बमोजिम वितरण गरी बाँकी जिन्सी मौज्दातमा स्टक रहेको तपशिल बमोजिमको परिमाणको १६६ बोरा (प्रति बोरा ५० के.जी. भएको) ८३०० के.जी. सोना मन्सुली चामल शिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम वढावढ गरी लिलाम बिक्री गर्न यसअघि तत्कालिन समयको आर्थिक नियमावली २०६४ को नियम ८, ९ र ११ अनुसारको रीत प्रक्रिया पुन्याई २ पटक सम्म (पहिलो पटक प्रकाशित मिति २०७७/०९/१२ गते र दोस्रो पटक प्रकाशित मिति २०७७/१०/१६ गते) क्रमशः २१ दिनको र ७ दिनको समयावधि दिइ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी राष्ट्रय स्तरको पत्रिकामा समेत सूचना प्रकाशन गरी लिलाम वढावढको लागि शिलबन्दी बोलपत्र आव्हान गरीएकोमा माथि उल्लिखित २ पटकको समयावधि भित्र इच्छुक कुनै व्यक्ति फर्म, कम्पनि वा सप्लायर्सवाट तपशिलमा उल्लिखित खाद्यान्न चामल लिलाम वढावढ सम्बन्धमा शिलबन्दी बोलपत्र पेश भइ दर्ता हुन नआएको हुँदा प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८(७) बमोजिम तपशिलमा उल्लिखित खाद्यान्न चामलको सोझै वार्ताद्वारा लिलाम वढावढको लागि मिति २०७७/११/२३ मा १५ दिने सूचना प्रकाशन गर्दा समेत सूचनाको म्याद भित्र कुनै पनि इच्छुक व्यक्ति, फर्म, कम्पनि सप्लायर्सवाट लिलाम बिक्री को माध्यमवाट सोझै लिलाम डाँक वढावढ गरी खाद्यान्न चामल खरिद गरी लैजान निवेदन नपरेको साथै लिलाम बिक्री डाँक वढावढमा सम्पर्क राख्न नआएकोले मिति २०७८/०१/०५ को निर्णयानुसार प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०७(१) को खण्ड (ख) बमोजिमको मूल्याङ्कन समितिवाट सोही नियमावलीको नियम १०८ को उपनियम ८ बमोजिम पुनः माथि उल्लेख भए बमोजिम तपशिलमा उल्लिखित परिमाणको खाद्यान्न चामलको पुनः दोस्रो पटक मूल्याङ्कन गरी प्रति के.जी. रु. ४३/- मूल्य कायम गरीएकोले तपशिलमा उल्लिखित परिमाणको खानयोग्य खाद्यान्न चामलको तपशिलमा उल्लेख भए बमोजिमको मूल्याङ्कन समितिवाट कायम भएको मूल्यमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदियित्व नियमावली २०७७ को नियम १०८ को उपनियम ८ बमोजिम सोझै वार्ताद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना सार्वजनिक रुपमा यस कार्यालयमा प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०७८/०१/२६ गते भित्र) तपशिल बमोजिमका रीत प्रक्रिया र शर्तहरु पुरा गर्ने गरी तपशिलमा उल्लिखित परिमाणको खानयोग्य खाद्यान्न **चामल सोझै वार्ताद्वारा लिलाम बिक्रीको माध्यमबाट सोझै खरिद गरी (उठाउने)** लैजाने प्रयोजनका लागि इच्छुक व्यक्ति, फर्म, कम्पनी, सप्लायर्स, संघ /संस्था आदि सबैको जानकारीको लागि सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः-

| सोझै वार्ताद्वारा लिलाम बिक्री गरिने खाद्यान्न चामलको परिमाण सहितको विवरण र जम्मा लिलाम बिक्री मूल्य | सोझै वार्ताद्वारा लिलाम बिक्री गरिने खाद्यान्न चामलको दोस्रो पटक पुनः मूल्याङ्कन भइ कायम भएको प्रति के.जी . मूल्य | सोझै वार्ताद्वारा बिक्रीको माध्यमवाट सोझै खरिद गरी खाद्यान्न चामल उठाइ लैजाने प्रयोजनका लागि रकम जम्मा गरी निवेदन पेश गर्ने समय र स्थान |
|---|---|---|
| खानयोग्य सोना मन्सुली चामल १६६ बोरा (प्रति बोरा ५० के.जी. भएको) ८३०० के.जी. जम्मा लिलाम बिक्री मूल्य रु. ३,५६,९००/- (रु तीन लाख छपन्न हजार नौ सय) | प्रति के.जी. रु ४३/- (रु. त्रिचालीस) | २०७८/०१/२६ गते कार्यालय समय भित्र सू.न.पा., नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम। |

**सोझै वार्ताद्वारा लिलाम बिक्रीको माध्यमवाट खाद्यान्न चामल सोझै खरिद गरी लैजाने (उठाउने) सम्बन्धमा पालना गर्नुपर्ने वा पुरा गर्नुपर्ने शर्तहरुः-**

१. माथि उल्लिखित परिमाणको खानयोग्य खाद्यान्न चामलको सोझै वार्ताद्वारा सोझै खरिद गरी लैजाने (उठाउने) इच्छुक व्यक्ति, फर्म, कम्पनि, सप्लायर्स, संघ संस्था आदिले कार्यालयमा आइ निवेदन दिनुपर्नेछ। निवेदन दर्ता गराउँदा नेपाली नागरिक भएमा नेपाली नागरिकताको प्रमाण पत्र र इच्छुक फर्म, कम्पनि वा सप्लायर्सहरुले नियमानुसार फर्म दर्ता, नविकरण, कर चुक्ता प्रमाण पत्र, VAT, PAN मा दर्ता भएको प्रमाणपत्रहरुको फोटोकपि संलग्न राखुपर्नेछ।

(१) क्रमशः २ पेजमा

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम २०७३

प.स. ०७७/०७८

च .नं.

२. माथि उल्लिखित परिमाणको खानयोग्य खाद्यान्न चामलको सोझै वार्ताद्वारा लिलाम बिक्रीको माध्यमवाट सोझै वार्ताद्वारा खरिद गरी लैजाने इच्छुक व्यक्ति, फर्म, कम्पनि, सप्लायर्स वा संघ संस्थाले प्रति के.जी. रु. ४३/- को दरले एकमुष्ठ रकम रु. ३,५६,९००/- (रु तीन लाख छपन्न हजार नौ सय) नगदै कार्यालयको कर राजश्व शाखामा बुझाई नगदी रसिद सहित निवेदन दिनु पर्नेछ।

३. सूचनाको म्याद भित्रको समयमा सोझै वार्ताद्वारा खाद्यान्न चामल खरिद गरी उठाइ लैजानु भन्दा अगाडि इच्छुक व्यक्ति, फर्म, कम्पनि वा सप्लायर्स वा संघ संस्थाले खानयोग्य खाद्यान्न चामल हेर्न चाहेमा कार्यालयले कार्यलय समयभित्र खाद्यान्न चामल हेर्ने व्यवस्था मिलाउने छ।

४. सोझै वार्ताद्वारा खाद्यान्न चामल खरिद गरी लैजाने इच्छुक व्यक्ति, फर्म, कम्पनी, सप्लायर्स वा संघ संस्थाले आफैले ढुवानी गरी लैजानुपर्नेछ।

५. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम हुनेछ र उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

सूर्योदय नगर कार्यपालिकाको कार्यालय, फिक्कल इलाम।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत